प्रदेश सरकार

# भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

कर्णाली प्रदेश

वीरेन्द्रनगर, सुर्खेत, नेपाल

प्रदेश सरकार भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय कर्णाली प्रदेश वीरेन्द्रनगर, सुर्खेत, नेपाल

## रेडियो कार्यक्रम उत्पादन तथा प्रसारणका लागि सिलवन्दी प्रस्ताव पेश गर्ने वारेको सूचना

(प्रकाशित मितिः २०७६/०८/२६ )

यस मन्त्रालयको चालु आर्थिक वर्ष २०७६/०७७ को स्वीकृत बार्षिक कार्यक्रम अनुसार मन्त्रालयको योजना तथा कार्यक्रमहरुको प्रचारप्रसार गर्न प्रदेशका १० वटा जिल्लामा प्रसारण हुने गरी मिति २०७६ साल आषाढ मसान्त भित्र (मासिक ४ वटा ) का दरले २८ वटा प्रदेश स्तरीय सन्देशमुलक रेडियो कृषि कार्यक्रम **उत्पादन तथा प्रसारण कार्यक्रम** संचालन गर्ने कार्यक्रम रहेको हुँदा यस कर्णाली प्रदेश भित्रका इच्छुक रेडियो, फर्म, संस्था वा कम्पनीहरुले देहायका कागजातहरु संलग्न गरी यो सूचना प्रकासित भएको मितिले १५ (पन्ध्र) दिन (अन्तिम दिन सार्वजनिक विदा परेमा सोको भोलिपल्ट) भित्र रु. १०।- को टिकट टाँस गरी यस मन्त्रालयमा प्रस्ताव पेश गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ । साथै रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु छनौटका लागि समावेस नहुने व्यहोरा समेत जानकारी गराइन्छ ।

नोट -१६ औं दिनको १ वजे प्रस्ताव खोलिनेछ ।उक्त दिन सार्वजनिक विदा परेमा सोको भोलिपल्ट खोलिने छ ।

यसका लागि प्रस्तावको ढाँचा मन्त्रालयको वेबसाईट molmac.karnali.gov.np वाट पनि डाउनलोड गरि हेर्न सकिनेछ ।

आवश्यक कागजातहरु:

१. संस्था / फर्म दर्ताको प्रमाण पत्रको प्रतिलिपि ।

२. कर्णाली प्रदेशका १० वटै जिल्लाका कम्तिमा प्रत्येक जिल्लाको प्रतिनिधित्व हुने १० वटा रेडियो मार्फत रेडियो कार्यक्रम उत्पादन तथा प्रसारण गर्ने प्रस्तावना पत्र ।

३. रेडियो कार्यक्रम प्रसारण गर्न चाहेको सम्बंधित् रेडियोको सहमति पत्र ।

४. गत आ. व. को संस्थाको लेखा परिक्षण भएको प्रतिवेदनको फोटोकपी ।

५. मू.अ. कर दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि

६. २०७५/०७६ को कर चुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि

७. प्रस्तावना फाराम भर्नाका लागि आवश्यक पर्ने अन्य कागजातहरु ।

राजेन्द्र प्रसाद भारी
सचिव